**नेपाली / *NEPALI***

*यो सन्देशमा समावेश छ:*

- *क्याम्पस परीक्षणको बारेमा महत्त्वपूर्ण अपडेट: आइतबार, जनवरी २४ देखि प्रभावकारी, क्याम्पस परीक्षण जहिले पनि जान मिल्ने (drop-in) मात्र हुनेछ।*
- *ध्यान दिनुहोस्: जनवरी २५ देखि, Badger Wellness Ambassadors हरू क्याम्पस भरी काम गर्न थालेतापनि, **तपाईंको Badger Badge अनुसार भवन पहुँचमा प्रतिबन्धको फेब्रुअरी १ सम्म लागु हुँदैन।***

हाम्रो क्याम्पस समुदाय र हाम्रो *COVID-19* परीक्षण स्थल कर्मचारीहरूको प्रतिक्रियाको कारण, हामीले हाम्रो १४ वटा क्याम्पस *COVID-19* परीक्षण स्थलहरूलाई *drop-in* परीक्षण स्थल मात्र बनाउने निर्णय लिएका छौं। यसको मतलब तपाईंले आफ्नो परीक्षण गर्नका लागि समय बनाउनु पर्दैन। यस समयमा, नाकबाट नमूना निकाल्ने परीक्षण स्थलहरू केवल आवास हलका विद्यार्थीहरू र मेडिकल सहायता पाउने व्यक्तिहरूको लागि खुला छन्।

**यो बदल आइतबार, जनवरी २४ देखि लागु हुनेछ।** तोकेको समयमा परीक्षण गर्नुको सट्टा, तपाईंले अब आफूले चाहेको दिनमा थोरै पर्खने समय भएको परीक्षण स्थलहरूमा गएर परीक्षण गर्नका लागि *Safer Badgers app* चलाउन सक्नुहुनेछ। यसले तपाईंको आवश्यकता अनुसार उत्तम समय र स्थल छनौट गर्न झन् धेरै लचिलोपन प्रदान गर्दछ।

**यो बदल शुरू गर्न तपाईंलाई सहयोग गर्न तलका मुख्य कदमहरू छन्।**

- यो बदल देख्न शनिबार बेलुकी ८ बजे पछि तपाईंको *Safer Badgers* अपडेट गर्नुहोला।
- तपाईंलाई *app* अपडेट गर्न सूचनाको लागि आइतबार बिहान ८ बजे हेर्नुहोला।
- यदि तपाईंले अहिलेसम्म *Safer Badgers app* डाउनलोड गर्नुभएको छैन भने, https://saferbadgers.wisc.edu/ वेबसाईट हेर्नुहोला।
- **यदि आइतबार, जनवरी २४ पछि कुनै पनि बेलामा तपाईंको परीक्षणको समय छ भने, त्यो समय *app* मा देखिने छैन।** तपाईंले सो समयमा तपाईंको रोजाईको स्थलमा जान सक्नुहुन्छ वा अरू समय वा स्थलमा परीक्षणको लागि *drop-in* गर्न सक्नुहुन्छ।

तपाईंले *app* अपडेट गर्नुभएपछि, हरेक परीक्षण स्थलको मुनि पर्खने समय देख्नुहुनेछ।

- **हरियो चिन्ह (छोटो पर्खने समय)** भनेको तपाईंको पर्खने समय १५ मिनेट वा कम हुनुपर्दछ।
- **पहेँलो चिन्ह (मध्यम पर्खने समय)** भनेको अलिकति पर्खनु पर्ने भन्ने हो र तपाईंको समय १५ देखि ३० मिनेट जति हुन्छ।
- **रातो चिन्ह (लामो पर्खने समय)** भनेको तपाईंले यो स्थलमा परीक्षण गर्नमा ३० मिनेट वा बढि पर्खनु पर्नेहुन्छ भन्ने हो।
- खैरो चिन्हले स्थल खुला छैन भन्ने सङ्केत गर्दछ। जब स्थल कुनै दिन बन्द हुन्छ यो चिन्ह देखा पर्नेछ।
- हरेक परीक्षण स्थलका कर्मचारीहरूले पर्खने समयलाई बारम्बार अपडेट गर्नेछन्।

*Drop-in* परीक्षणले विद्यार्थी र कर्मचारीहरूलाई आफूले रोजेको स्थल र समयमा परीक्षण गर्न लचिलोपन प्रदान गर्दछ।

हामीलाई थाहा छ कि यो नयाँ परीक्षण तरिका बुझ्न समय लागीरहेको छ र यो नयाँ तरिका अपनाउने क्रममा हामी तपाईंको धैर्यताको कदर गर्दछौं। हामी सुधार गर्न र तपाईंको प्रतिक्रियालाई सम्बोधन गर्न जारी राख्नेछौं। कृपया परीक्षण स्थल को कर्मचारीहरूसँग पनि धैर्य राख्नुहोला जो यो प्रक्रियाको बेला कडा परिश्रम गरिरहेका छन्।

तपाईंले *Badger Badge* चलाएर क्याम्पस भवनहरूमा पहुँच कायम राख्न क्याम्पस परीक्षणमा भाग लिन आवश्यक छ। तर:

- जनवरी २५ देखि, Badger Wellness Ambassadors हरू क्याम्पस भरी काम गर्न थालेतापनि, **तपाईंको Badger Badge अनुसार भवन पहुँचमा प्रतिबन्धको फेब्रुअरी १ सम्म लागु हुँदैन।**
- तपाईंको *Badger Badge* भवन पहुँचलाई निगरानीमा राख्ने *Badger Wellness Ambassadors* लाई देखाउन बानी पार्न तपाईंको लागि अर्को हप्ता पूरै बाँकी छ।

**तपाईंको केही प्रश्नहरूको उत्तर यहाँ छन्:**

**क्याम्पसले किन यो बदल गऱ्यो ?**
हामीले तपाईंको प्रतिक्रिया सुनेका छौं र तपाईंको चिन्ता सम्बोधन गर्नका लागि कदम चाल्दैछौं। हामीले क्याम्पसमा नयाँ थुकमा आधारित परीक्षण लागु गरेपछि केही स्थलहरूमा ढिलाई र लाईन जम्मा भएका छन्। प्रति घण्टा चार शुरू हुने समयहरूमा मानिसहरूलाई समूहबद्ध गर्दा अनावश्यक पर्खाइको समयहरू बन्यो, जसले गर्दा मानिसहरूले कती चाँडो नमूना उत्पादन गर्न सक्ने कुरामा पनि फरक पाऱ्यो। जसरी हामी क्षमता बढाउँदैछौं, र झन् धेरै व्यक्तिहरूले थुकको नमूनाहरू बुझाउने अनुभव पाउँदछन् हामी यी लाइनहरू घट्ने आशा गर्दछौं, तर यो बदलले सबैको लागि प्रक्रिया सुधार गर्न सहयोग गर्नेछ जस्तो लाग्छ।

तपाईंले परीक्षण स्थल हरूमा पर्खाइको समय हेर्न *Safer Badgers* चलाउन सक्नुहुन्छ। यदि तपाईं कुनै स्थलमा पुग्नुभयो र त्यहाँ लाईन छ भने, तपाईंले छोटो पर्खने समय भएको स्थलमा जान वा पछि पछि फर्कन सक्नु हुन्छ।

यस बदलले तपाईंलाई यदि तपाईंक परीक्षण स्थल वा ल्याबले अस्वीकार गरेको छ वा तपाईंलाई त्यो क्षणमा पर्याप्त थुक उत्पादन गर्नमा कठिनाई भएको छ भने सोही दिन अर्को नमूना पेश गर्न सजिलो बनाउँदछ। सहि थुकको नमूना बुझाउने बारेमा थप सल्लाहहरूको लागि यो वेबसाईट हेर्नुहोला: [https://news.wisc.edu/tips-for-avoiding-a-rejected-covid-19-saliva-test/](https://news.wisc.edu/tips-for-avoiding-a-rejected-covid-19-saliva-test/)

एक पटक नयाँ परीक्षण तरिकामा मान्छेहरूको राम्रोसँग बानी भएपछि सम्पूर्ण प्रक्रियालाई तीन देखि पाँच मिनेट भन्दा बढि नलिने हामी अपेक्षा गर्दछौं। यो *University of Illinois Urban-Champaign* को अनुभवमा आधारित छ, जसले वसन्त सेमेस्टरको लागि *UW–Madison* ले अपनाएको परीक्षणको विकास गरेको हो। *University of Illinois* को परीक्षण पनि *drop-in* नै हो।

**म कुनै परीक्षण स्थलमा गएँ र त्यहाँ व्यस्त छ भने के हुन्छ ?**
तपाईंले कम पर्खने समय भएको स्थलमा वा अरू समय वा तपाईंको रोजाईको स्थलमा परीक्षणको लागि जान सक्नुहुन्छ। वा तपाईं त्यो स्थानमा पर्खन छनौट गर्न सक्नुहुन्छ। निर्णय तपाईंको हो।

परीक्षण स्थलका कर्मचारीहरूले पर्खने समयलाई *Safer Badgers app* मा बारम्बार अपडेट गर्नेछन् । हरियो चिन्ह (छोटो पर्खने समय) भनेको तपाईंको पर्खने समय १५ मिनेट वा कम हुनुपर्दछ, पहेँलो चिन्ह (मध्यम पर्खने समय) भनेको अलिकति पर्खनु पर्ने भन्ने हो र तपाईंको समय १५ देखि ३० मिनेट जति हुन्छ, र रातो चिन्ह (लामो पर्खने समय) भनेको तपाईंले यो स्थलमा परीक्षण गर्नमा ३० मिनेट वा बढि पर्खनु पर्नेहुन्छ भन्ने हो । खैरो चिन्हले स्थल खुला छैन भन्ने सङ्केत गर्दछ ।

कुनै पनि परीक्षण स्थलमा लाईनको लम्बाईको अर्थ विभिन्न स्थलमा फरक अर्थ हुनेछ । सानो स्थलको छोटो लाइन ठूलो स्थलको लामो लाइन भन्दा बिस्तारै सर्न सक्दछ । सहि अनुमानको लागि कृपया तपाईंको *Safer Badgers app* चलाउनुहोला ।

**म उपलब्ध भएको समयमा मैले कसरी परीक्षण गर्न सक्ने कुरा निश्चित गर्न सक्छु ?**
हामीलाई थाहा छ कि केही कर्मचारीहरू र विद्यार्थीहरूले आफ्नो परीक्षणको समयमा स्थिरता चाहन सक्दछन् र यो अझै पनि एक नियुक्ति-आधारित प्रणाली बिना नै सम्भव छ । तपाईंले *Safer Badgers app* चलाएर पर्खाइको समय हेर्न र तपाईंको समयसँग मिल्ने परीक्षणको स्थलमा जान सक्नुहुन्छ ।

क्याम्पसमा १२ वटा थुकमा आधारित परीक्षण स्थलहरू छन् । हरेक स्थल खोज्न र खुला समय, पार्किङ्ग र सुलभताको खुला जानकारी पानको लागि, यो वेबसाईट हेर्नुहोला, https://covidresponse.wisc.edu/testing/#locations । समयहरू *Safer Badgers app* मा उपलब्ध छ ।

**यो बदलले कसरी नाकबाट नमूना निकाल्ने परीक्षणलाई प्रभाव पार्दछ ?**
यस समयमा, नाकबाट नमूना निकाल्ने परीक्षण स्थलहरू केवल आवास हलका विद्यार्थीहरू र मेडिकल सहायता पाउने व्यक्तिहरूको लागि खुला छन् । यी परीक्षण स्थलहरू पनि जनवरी २५ देखि *drop-in* मात्र हुनेछन् । योग्य व्यक्तिहरू खुला समयमा यी स्थलहरू जान पनि सक्दछन्, वा कुनै पनि थुकमा आधारित स्थलहरूमा जान सक्दछन् ।

**किन कुनै स्थल हरू अपोइन्टमेन्ट लिएर चल्ने रहन सक्दैनन् ?**
क्याम्पसमा सबैको लागि एकरूपता सुनिश्चित गर्न, हामीले सबै स्थलहरू *drop-in* मात्र बनाउन छनौट गरेका छौं । तपाईंले आफ्नै समय मिलाएर खुला परीक्षण स्थलहरूमा जान सक्नुहुन्छ ।

क्याम्पस परीक्षणको, *Safer Badgers* र वसन्त सेमेस्टर थप जानकारीका लागि, यो वेबसाईट हेर्नुहोला: https://covidresponse.wisc.edu/

विस्तृत र नियमित अपडेट हुने खोज्न मिल्ने *FAQ* को सूची यहाँ छ: https://covidresponse.wisc.edu/faq/

*Safer Badgers app* को सहयोगको लागि, जसमा यो बदल अपनाउनको लागि गर्नुपर्ने अपडेट समावेश छ, *DoIT Help Desk* लाई help@doit.wisc.edu मा ईमेल पठाएर वा 608-264-4357 मा फोन गर्नुहोला ।

अरू केही प्रश्नहरू भएमा तपाईंले covidresponse@vc.wisc.edu मा ईमेल गर्न वा *COVID Assistance Line* लाई 608-262-7777 मा फोन गर्न सक्नुहुन्छ । यो लाईनमा सोमबार देखि शुक्रबार बिहान ७ बजे देखि बेलुकी ८ बजे सम्म, शनिबार ७ बजे देखि बेलुकी ५ बजे सम्म र आइतबार बिहान ८ बजे देखि बेलुकी ५ बजे सम्म कर्मचारीहरू हुन्छन् ।